# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संविधानसभा व्यवस्था मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०६५ सालको अध्यादेश नं. ५

**मतदाता नामावली सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेश**

**प्रस्तावनाः** मतदाता नामावली सम्बन्धी ऐन २०६३ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल व्यवस्थापिका-संसदको अधिवेशन नभएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "मतदाता नामावली सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०६५" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५ मा संशोधनः** मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५ को उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

1343



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ख१) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) को खण्ड (क) बमोजिम निर्वाचित संविधान सभाका सदस्यको स्थान कुनै कारणले रिक्त भई सोही धाराको उपधारा (७क) बमोजिम निर्वाचनद्वारा पूर्ति गर्नु पर्दा त्यसरी निर्वाचन गरिने सालभन्दा तत्काल अघिल्लो सालको चैत्र मसान्तसम्म अठार वर्ष उमेर पूरा भएको व्यक्ति मतदाता हुन सक्नेछ।"

प्रमाणीकरण मिति : २०६५।१०।२८

आज्ञाले,
राजुमान सिंह मल्ल
नेपाल सरकारको निमित्त सचिव

मुद्रण विभाग, सिंहदरवार

1344



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–
गो.हु.द.नं. १६।०६२।६३

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।